"समुन्नत इलाम सम्पन्न इलामेली"

# इलाम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

Green Ilam

प.सं०८१/८२ रा. प्र.शा

च.नं ५९

मितिः२०८१/०४/१३

भानुपथ इलाम, कोशी प्रदेश नेपाल

## आन्तरिक आय ठेक्का बन्दोबस्ती गर्ने सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशन मितिः २०८१/०४/१३)

इलाम नगरपालिकाको आय ठेक्का व्यवस्थापन कार्यविधि, २०७९ को दफा ३ बमोजिम यस नगरपालिका अन्तर्गतका देहायका कर/ शुल्क संकलन सम्बन्धी आन्तरिक आय ठेक्का आ.व. २०८१/८२ को लागि बन्दोबस्ती गर्नुपर्ने भएकोले इच्छुक र योग्य व्यक्ति, फर्म, कम्पनी वा संस्थाहरुले निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वक हार्डकपि सबमिसनको माध्यमबाटमात्र शिलबन्दी दरभाउपत्र/सोझै वार्ता प्रस्ताव मिति २०८१/०४/१७ गते दिनको १२ बजे भित्रमा पेश गर्नु हुन पुनः यो सूचना प्रकाशन गरिएको छ ।

**शर्तहरु**

१) शिलबन्दी दरभाउपत्र/सोझै वार्ता प्रस्ताव कागजात तपसिलमा तोकिएको रकम फिर्ता नहुने गरि बुझाई यो सूचना प्रकाशन भएको मितिले तपसिल अनुसारका दिन कार्यालय समयभित्र यस कार्यालयको राजश्व शाखाबाट हार्ड कपिको मार्फत मात्र खरीद गर्न सकिनेछ। खरीदकर्ता व्यक्ति भएमा नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि, प्यान/ आयकर दर्ताको प्रमाण पत्र, आ.ब. २०७९/८० सम्मको आय कर चुक्ता गरेको प्रमाण पत्र अनिवार्य पेश गर्नु पर्नेछ ।खरीदकर्ता फर्म/ कम्पनी वा संस्था हरुले चालु आ.व. २०८१/८२ सम्मको नविकरण भएको प्रमाणपत्र तथा मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र र आ.ब. २०७९/८० को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि कागजात समेत बुझाई यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२) प्रमुख प्रशासकिय अधिकृतको दस्तखत तथा कार्यालयको आधिकारीक छाप नभएको र फोटोकपि गरिएको शिलबन्दी दरभाउपत्र/ सोझै वार्ता प्रस्ताव कागजातलाई मान्यता दिईने छैन । साथै एक फर्मको नामबाट खरीद गरि अर्को फर्मको नामबाट शिलबन्दी दरभाउपत्र/ सोझै वार्ता प्रस्ताव कागजात दाखिला गर्न पाईने छैन । ठेक्का पेश गर्दा शिलबन्दी दरभाउपत्र/सोझै वार्ता प्रस्ताव कागजात खरीद दस्तुर बुझाएको सक्कलै भौचर अनिवार्य पेश गर्नु पर्नेछ ।

३) शिलबन्दी दरभाउपत्र/सोझै वार्ता प्रस्ताब कागजातको खाममा ठेक्का नं., ठेक्काको नाम, ठेक्कादाताको नाम, ठेगाना, सम्पर्क नं. र छाप स्पष्ट रुपमा अनिवार्य उल्लेख गर्नु पर्नेछ ।

४) शिलबन्दी दरभाउपत्र/सोझै वार्ता प्रस्ताब कागजातको खाममा तपसिलमा उल्लेखित दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ । शिलबन्दी दरभाउपत्र/सोझै वार्ता प्रस्ताब कागजात सोही दिन दिनको १:०० बजे ठेक्का प्रस्तावदाता स्वयम् वा निजको प्रतिनिधिको उपस्थितिमा यस कार्यालयमा खोलिनेछ उक्त समयमा ठेक्का प्रस्तावदाता स्वयं वा निजको प्रतिनिधि उपस्थित नभएमा शिलबन्दी दरभाउपत्र/सोझै वार्ता प्रस्ताब कागजात खोल्न कुनै बाधा पर्ने छैन । शिलबन्दी दरभाउपत्र/सोझै वार्ता प्रस्ताव कागजात दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्य सोको भोलिपल्ट वा कार्यालय खुलेपछि सोही समय र स्थानमा गरिनेछ ।

गणेश कुमार खड्का
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

५) शिलबन्दी दरभाउपत्र/सोझै वार्ता प्रस्ताव कागजातसाथ आफूले ठेक्का कबोल गरेको अङ्कको ५% रकम जमानत वापत नेपाल बैंक लिमिटेड इलाम स्थित यस कार्यालयको धरौटी खाता नं ०४००३०००००३००००००००१ मा नगद दाखिला गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंक वा वित्तिय संस्थाबाट इलाम नगरपालिकाको नाममा जारी गरिएको कम्तीमा तपसिलमा तोकिएको मान्य अवधि भएको बैंक जमानत (बिड वण्ड/ ग्यारेण्टि) पेश गर्नु पर्नेछ ।

६) शिलबन्दी दरभाउपत्र/सोझै वार्ता प्रस्ताव कागजातको वि.ओ.क्यु. को दररेट महलमा प्रस्ताव गरिएको दररेट अङ्क र अक्षरमा प्रस्ट लेखिएको हुनु पर्नेछ । अङ्क र अक्षरमा लेखिएको फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ

७) यस कार्यालयबाट विगत वर्षहरुमा लगाइएको ठेक्काको रकम बुझाउन बक्यौता रहेका व्यक्ति/ फर्म/संस्थाले उक्त बक्यौता चुक्ता नगरे सम्म प्रस्ताव सम्बन्धी कागजात खरीद गर्न पाउने छैन ।

८) ठेक्का स्वीकृत भए पछि ठेक्का प्रस्तावदाताले स्वीकृत ठेक्का अङ्क बराबरको नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त वाणिज्य बैंङ्क वा वित्तिय सस्थाबाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा चालु आ.व. को अवधि भन्दा एक महिना बढी मान्य अवधि भएको बैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) पेश गर्नु पर्नेछ वा ठेक्का स्वीकृत भए पछि ठेक्का प्रस्तावदाताले स्वीकृत ठेक्काको एक तिहाइ बराबरको रकम यस कार्यालयको नाममा तोकिएको बैंक खातामा नगदै पहिलो किस्ता बापतको रकम जम्मा गरेको सक्कल बैंक भौचर तथा कुल ठेक्का अङ्कको बाँकि दुइ तिहाइ रकम बराबरको रकम नगदै जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त वाणिज्य बैंङ्क वा वित्तिय सस्थाबाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा चालु आ.व. को अवधि भन्दा एक महिना बढी मान्य अवधि भएको बैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) पेश गर्नु पर्नेछ । कबोल गरेको रकम एकमुष्ठ नगदै यस कार्यालयमा जम्मा गरेमा परफरमेन्स वण्ड आवश्यक पर्ने छैन ।

९) ठेक्का रकम बढीमा ३ किस्तामा बुझाउनु पर्नेछ । सम्झौता गर्दा पहिलो किस्ता बापतको रकम नगदै (स्वीकृत ठेक्का अङ्कको एक तिहाइ बराबरको रकम) वा स्वीकृत ठेक्का अङ्क बराबरको नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त वाणिज्य बैंङ्क वा वित्तिय सस्थाबाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा चालु आ.व. को अवधि भन्दा एक महिना बढी मान्य अवधि भएको बैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) अनिवार्य बुझाउनु पर्नेछ । ठेक्का रकम बुझाउदा प्रत्येक किस्ताको रकम उक्त किस्ता बुझाउने चौमासिक अवधिको अन्तिम सम्ममा बुझाउनु पर्नेछ । एकमुष्ट ठेक्का रकम अग्रिम बुझाउन चाहेमा कुल ठेक्का अंकको १०% प्रतिशत रकम छुट दिइनेछ ।

१०) ठेक्का प्रस्तावदाताले सेवा शुल्क नगरपालिकाबाट तोकिएको दररेट अनुसार मात्र संकलन गर्नुपर्नेछ।नगरपालिकाबाट तोकिएको संकलन गरीने दररेट भ्याट सहितको रहेको छ ।

११) <u>यस ठेक्काको कुल ठेक्का रकम भ्याट बाहेकको रहेको छ ।</u> ठेक्का प्रस्तावदाताले कबोल गरेको रकमको १३% प्रतिशत भ्याट रकम ठेक्का प्रस्तावदातालेनै छुट्टै सम्बन्धित निकायमा बुझाउनु पर्नेछ ।

१२) तपशिलमा उल्लेखित सि.नं. १ देखि ३ सम्मका ठेक्काहरुको हकमा २०८१ असोज १ देखि लागु भइ २०८२ जेष्ठ मसान्त सम्म वार्षिक ठेक्का अवधी, सि.नं. ४ को ठेक्काको हकमा सम्झौता मिति देखि २०८२ साल असार सम्म बार्षिक ठेक्का अवधि र सि.नं. ५ देखि ८ सम्मका आय ठेक्काहरुको हकमा सम्झौता मिति देखि २०८३ साल असार मसान्त सम्म (दुइ वर्ष) ठेक्का अवधि कायम रहने छ ।सम्झौता मिति देखि अघिको चालु आ व को अवधीलाइ ठेक्का/कबोल अंकबाट घटाउने दावी गर्न पाइने छैन। सि.नं. १ देखि ३ सम्मका ठेक्काहरुको हकमा स्वीकृत आइ. इ. इ. प्रतिवेदनमा तोकिए अनुसारका स्थानहरुबाट तोकिए अनुसारको परिमाण मात्र निकासी गर्नु पर्ने तथा तोकिए अनुसारको प्रभावहरु न्यूनिकरणका उपायहरु अनिवार्य अपनाउनु पर्नेछ ।

१३) ठेक्का अवधिमा कुनै बाधा अड्चन आइपरेमा वा ठेक्का प्रस्तावदाता र कार्यालयबीच विवाद वा अस्पष्टता भएमा सम्झौताको शर्त, प्रचलित ऐन नियम, नेपाल सरकार तथा प्रदेश सरकारले सो सम्बन्धमा जारी गरेका मापदण्ड/कार्यविधि/निर्देशिका/निर्देशन तथा नगर कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।



गणेश कुमार खड्का
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

१४) प्रचलित कानुन बमोजिम टिडिएस, नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहलाई तिर्नु बुझाउनु पर्ने कर, दस्तुर लगायतका सम्पुर्ण दायीत्वहरु ठेक्का प्रस्तावदाता स्वयंमले व्यहोर्नु पर्नेछ। उल्लेखित दायित्वहरु ठेक्का प्रस्तावदाताले ठेक्का सम्वन्धि कागजात (विओक्यु) मा कवोल गरीएको रकम अनुसारको सम्वन्धित निकायहरुमा बुझाउनु पर्नेछ ।

१५) यस ठेक्कासम्वन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

निम्न:-

| क्र सं | ठे. नं | ठेक्काको विवरण | न्यूनतम कबोल अंक (भ्याट बाहेक) प्रति वर्ष | ठेक्का आव्हानको किसिम | ठेक्का सम्वन्धि कागजात खरिद दस्तुर | ठेक्का अवधी | ठेक्का जमानत रकम (विड वण्ड) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | १ | ढुंगा गिट्टी बालुवा बिक्री तथा निकासी शुल्क दस्तुर (जल बिघुत कम्पनीको क्षेत्र बाहेक) राजदुवाली माइ खोला क्षेत्र | १३,००,०००।० | शिलबन्दी दरभाउपत्र | ३००० | (२०८१ असोज १ गते देखि २०८२ जेठ मसान्त सम्मको लागि) बार्षिक | आफुले कबोल गर्ने रकमको कम्तिमा ५% बराबरको रकम नगदै वा बैंक ग्यारेन्टीको हकमा प्रस्ताव पेश गर्ने अन्तिम दिन देखि ७५ दिन म्याद भएको | भ्याट बाहेकको कबोल अंक बमोजिमको रकम यस कार्यालयमा बुझाउनु पर्ने र कबोल अंकको १३% ले हुने रकम छुट्टै नेपाल सरकारलाइ बुझाउनु पर्ने |
| २ | २ | ढुंगा गिट्टी बालुवा बिक्री तथा निकासी शुल्क दस्तुर(जल बिघुत कम्पनी बाहेक) माइखोला बेलासे क्षेत्र (इलाम-११) | ५१८,०००।० | शिलबन्दी दरभाउपत्र | ३००० | (२०८१ असोज १ गते देखि २०८२ जेठ मसान्त सम्मको लागि) बार्षिक | | |
| ३ | ३ | ढुंगा गिट्टी बालुवा बिक्री तथा निकासी शुल्क दस्तुर (जल बिघुत कम्पनी बाहेक) पुवाखोला क्षेत्र (इलाम- १ र ४) | ८८,५००.० | सोझै वार्ता | १००० | (२०८१ असोज १ गते देखि २०८२ जेठ मसान्त सम्मको लागि) बार्षिक | | |
| ४ | ४ | कृषिजन्य उपजहरुको व्यवसायिक कारोबारमा आधारित कर | ७००,०००.० | शिलबन्दी दरभाउपत्र | ३००० | (सम्झौता मिति देखि २०८२ असार मसान्त ) बार्षिक | | |
| ५ | ५ | बिज्ञापन कर | १,७०,०००.० | सोझै वार्ता | १००० | (सम्झौता मिति देखि २०८३ असार मसान्त ) बार्षिक | | |
| ६ | ७ | एल इ डि डिस्प्ले | १७४०५०.० | सोझै वार्ता | १००० | (सम्झौता मिति देखि २०८३ असार मसान्त ) | | |
| ७ | ८ | नयाँ बजार सार्वजनिक शौचालय सेवा शुल्क | १०६,३००.० | सोझै वार्ता | १००० | (सम्झौता मिति देखि २०८३ असार मसान्त ) | | |

- सोझै वार्ता/दरभाउपत्र सम्बन्धि कागजात खरिद गर्न सकिने अन्तिम मिति तथा समय :२०८१/०४/१६ गते कार्यालय समय सम्ममा ।
- सोझै वार्ता/दरभाउपत्र सम्बन्धि कागजात पेश गर्न सकिने अन्तिम मिति तथा समय : २०८१/०४/१७ गते दिउंसो १२ बजे भित्रमा ।
- पेश भएका सोझै वार्ता/दरभाउपत्र सम्बन्धि कागजात खोलिने मिति तथा समय :२०८१/०४/१७ गते दिउंसो १ बजे ।

गणेश कुमार खड्का
प्रमुख प्रशासकीय अधिकृत